





# विशेष शिक्षा प्रक्रिया

के तपाईंको बच्चालाई सिकाईमा कुनै समस्या छ? तपाईंको बच्चालाई स्कूलमा कठिनाईहरू भइरहेका छन् जसले उसको सिकाईमा बाधा पुर्याइरहेको छ? तपाईंको बच्चाको स्कूलका शिक्षक वा अन्य कर्मचारीहरूसँग कुरा गर्नुहोस् जसले के सहायता आवश्यक छ भनी निर्णय गर्न सहयोग प्रदान गर्न सक्छन्। सबै कक्षाकोठा सहायताहरू प्रयोगमा ल्याइएपछि, अब विशेष शिक्षामा विचार गर्ने समय आएको हुनसक्छ।

**चरण 1 - सिफारिश**
यदि तपाईं आफ्नो बच्चाले विद्यालयमा कस्तो गरिरहेको छ भनेर चिन्तित हुनुहुन्छ भने तपाईं उसको क्षमता र आवश्यकताहरूको मूल्याङ्कनको लागि आग्रह गर्न सक्नुहुन्छ।

- लिखित रूपमा संप्रेषण गरेर प्रिस्कूल विशेष शिक्षा (CPSE, उमेरहरू 3-5) समितिलाई कुनैपनि समयमा यसको लागि अनुरोध गर्न सकिन्छ।
- वा विशेष शिक्षा (CSE, उमेरहरू 5-21) समितिलाई गर्न सकिन्छ। विशेष शिक्षा समितिमा **बच्चाको आमाबुबा(हरू)**, विशेष शिक्षा शिक्षकहरू, नियमित शिक्षा शिक्षकहरू र अन्य विशिष्टहरू रहने गर्दछन्।
- तपाईंको अभिलेखको लागि यस अनुरोधको एउटा प्रति राख्नुहोस्।

**चरण 2 – व्यक्तिगत मूल्याङ्कन**
विशेष शिक्षा सेवाहरूले बच्चालाई सहयोग गर्न सक्छ कि भनी तय गर्न विद्यालयले बच्चाका क्षमताहरू र आवश्यकताहरूको मूल्याङ्कन गर्नेछ।

**चरण 3 – विशेष शिक्षा सेवाहरूको लागि योग्यता निर्धारण गर्ने**
बच्चाको मूल्याङ्कन पूरा भइसकेपछि CPSE वा CSE, तपाईंको बच्चालाई कस्ता विशेष शिक्षा सेवाहरूले मद्दत गर्छ भनी निर्णय गर्न भेला हुनेछन्।

**चरण 4 - वैयक्तिक शिक्षा कार्यक्रम (IEP)**
तपाईंको बच्चा विशेष शिक्षा सेवाहरू प्राप्त गर्न योग्य भएपछि, समितिले वैयक्तिक शिक्षा कार्यक्रम (IEP) सिर्जना गर्दछ।

*IEP एउटा दस्तावेज हो जसले बच्चाका क्षमताहरू र ऊ/उनीले प्राप्त गर्ने सहायता तथा सेवाहरू र वार्षिक लक्ष्यहरूको व्याख्या गर्दछ।*

**चरण 5 – वार्षिक समीक्षा/पुनर्मूल्याङ्कन**

- लक्ष्यहरू हासिल भएका छन् र प्रगति भइरहेको छ भनी थाहा पाउन समितिले कम्तिमा पनि वर्षको एकपटक (वार्षिक समीक्षा) IEP को समीक्षा गर्नुपर्छ।
- कम्तीमा पनि प्रत्येक तिन वर्षमा बच्चालाई औपचारिक रूपमा पुनर्मूल्याङ्कन गरिनुपर्छ; यद्यपी कार्यक्रमलाई कुनैपनि समयमा समीक्षा गर्न सकिन्छ।

## ? तपाईंलाई थाहा छ?

अपाङ्गता शिक्षा ऐन (IDEA) लाई, अपाङ्गता भएका बालबालिकाहरूले अन्य बालबालिकाहरूले जस्तै निः शुल्क उपयुक्त सार्वजनिक शिक्षा हासिल गर्न पाऊन् भनी सुनिश्चित गर्न, 1975 मा कङ्ग्रेसले लागू गरेको थियो।

IDEA अन्तर्गत 8.4% विद्यार्थीहरूले विशेष शिक्षा सेवाहरू प्राप्त गर्छन्।

2010-2011 मा IDEA/विशेष शिक्षा सेवाहरूबाट निस्केका 14-21 वर्ष उमेरका 63.8% विद्यार्थीहरू डिप्लोमा सहित ग्रेजुएट भएका थिए।

यो प्रक्रियाको हरेक चरणमा आमाबुबाको भूमिका धैरै महत्वपूर्ण छ। आमाबुबाको सहभागिता जोडदार रूपमा प्रोत्साहित गरिन्छ।

---

*सन्दर्भ सामग्रीहरू तथा जानकारी प्रदान गर्ने संस्था:*
*-specialeducationadvisor.com*
*-futureofchildren.org*
*-disabilitycompendium.org*
*थप जानकारीको लागि parentnetworkwny.org जानुहोस्।*

यस कागजातमा समावेश विषयवस्तु संयुक्त राज्यको शिक्षा विभाग, #H325160003 बाट अनुदान अन्तर्गत विकास गरिएको थियो। यद्दपि, ती विषयवस्तुले संयुक्त राज्यको स्वास्थ्य विभागको नीतिलाई आवश्यक रूपमा प्रस्तुत गर्दैनन् र तपाईंले संघीय सरकारद्वारा अनुमोदन ग्रहण गर्नुहुँदैन। परियोजना अधिकारी, कारमेन सान्चेज

(716) 332-4170
info@parentnetworkwny.org
www.parentnetworkwny.org

PARENT NETWORK OF WESTERN NEW YORK

@ParentNetwork
@PNWNY